# इन्टर्नेट (इ-मेल सहित) सेवाको अनुमतिपत्र खारेज गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२९ गते**

नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टर्नेट (इ–मेल सहित) सेवाको अनुमतिपत्र प्राप्त संस्था श्री हाम्रो टि.भि. नेट प्रा.लि., उत्तरगंगा, काभ्रेपलान्चोकले मिति २०७३/०९/११ मा प्राप्त गरेको अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १.९५) नविकरणको लागि निवेदन पेश गरेता पनि प्राधिकरण तथा नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने दस्तुर तथा नविकरणको लागि चाहिने विवरण सहित सम्पर्कमा आउन पटक–पटक पत्राचार तथा सूचना जारी गर्दा समेत सम्पर्क गर्न नआएकोले उक्त अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २८(३) बमोजिम मिति २०७८/०९/१० देखि खारेज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कम्पनीले नियमानुसार तिर्न/बुझाउन पर्ने रकम यो सूचना जारी भएको मितिले ३० दिन भित्र दाखिला गर्नुहुन अन्यथा असुलिका लागि प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


नेपाल दूरसञ्चार प्राधिकरण
NEPAL TELECOMMUNICATIONS AUTHORITY

**नेपाल दूरसञ्चार प्राधिकरण**

अनुमतिपत्र व्यवस्थापन शाखा

जमल, काठमाडौं ।

फोन नं. ९७७-०१-५३५४६८१, फ्याक्स ९७७-०१-५३५५२५०

**Email: ntra@nta.gov.np, URL: www.nta.gov.np**